नेपालको इतिहासमा पहिलो र एकमात्र ज्योतिष समाचारमूलक साप्ताहिक पत्रिका **ज्योतिष भविष्यवाणी** खोजी-खोजी पढौं।
**सम्पादक**
**ज्यो.डा.बलराम उपाध्याय रेग्मी**
पत्रिका पाइने एकमात्र ठाउँ
कार्यालय-ज्योतिष भविष्यवाणी
पोखरा-२, अर्चलबोटचोक, नेपाल।
मोवाइल नं.९८५६०२०९१४

**Jyotish Bhabishyawani Weekly** ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार
राष्ट्रिय साप्ताहिक
जि.प्र.कास्की/मोरङ द.नं.:११५/२०५५
प.क्षे.हु.नि.द.नं.: १/२०६९

# ज्योतिष भविष्यवाणी

वर्ष १५ अङ्क १८ २०६९ श्रावण ३२ गते, बिहीबार 16, Aug. 2012 मूल्य रु. १०।-

के तपाईंले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नु हुनेछ । साथै www.Facebook.com/jbweekly
संस्थापक/सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी, नेपाल।
मोवाइल नं. ९८५६०३०९१४

## फलित ज्योतिष पढ्न प्रतिबन्ध

✍**प्रदीप/मधु रेग्मी**

**वाराणसी** : संस्कृत विधाको विश्वमा नै चर्चित संस्कृत विश्वविद्यालय सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसीमा अब जो कसैले सजिलैसंग फलित ज्योतिष पढ्न नपाउने नियम लागू भएको छ।

उत्तरमध्यमा संस्कृत विषय लिई उत्तीर्ण छात्र-छात्राले विगतमा फलित ज्योतिषशास्त्री पढेर उत्तीर्ण गर्दै आईरहेका थिए भने जुनसुकै विषयमा स्नातक उत्तीर्ण गरेपनि संस्कृत विषय लिईएको छ भने उस छात्र-छात्राले फलित ज्योतिषाचार्यको अध्ययन गर्न पाउँदथ्यो जसको फाइदा हजारौंले लिए। हालका दिनमा प्रोफेसर डा.विन्दप्रसाद मिश्रज्यू सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयका कुलपति नियुक्त भए यता जसले पूर्वमध्यमादेखि जे विषय पढ्दै आएको छ उत्तरमध्यमा सोही विषयमा उत्तीर्ण गरेको हो त्यै विषयमामात्र शास्त्री प्रथम वर्षमा भर्ना भै पढ्न पाउने पछिल्लो नियम लागू भएपछि अब उत्तरमध्यमा साहित्य, व्याकरण अथवा जुनसुकै विषय लिए पनि मुख्य विषय ज्योतिष लिएको छैन भने उसले शास्त्रीमा ज्योतिष पढ्न नपाउने भएको छ। भारतको बनारसमा नै स्थित बी.एच.यू.ले उत्तरमध्यमा जुन विषय लिई उत्तीर्ण गरेको भए पनि प्रवेश परीक्षा उत्तीर्ण गर्ने भारतीयलाई शास्त्रीमा फलित ज्योतिष लिएर पढ्न पाउने व्यवस्था गरेको सन्दर्भमा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालयले शास्त्रीमा फलित ज्योतिष लिएर पढ्न नपाउने नियम लागू गर्नु भोलिका दिनमा आफ्नै संस्थाको महत्व कम हुने चिन्ता नेपाली विद्यार्थीहरूलाई लागेको छ।

एकातर्फ उत्तरमध्यमा ज्योतिष नलिएकोलाई पनि नेपाल संस्कृत विश्वविद्यालयले फलित शास्त्रीमा प्रवेश लिईरहेको थियो भने अर्कोतर्फ बी.एच.यू. पनि सोही फलित ज्योतिषको अध्ययन गर्न मौका दिइरहेको अवस्थामा सम्पूर्णानन्द विश्वविद्यालयलेमात्र क्रमागत पद्धति अपनाउँदा ज्योतिष पढ्न चाहने हजारौं छात्र-छात्रालाई ठूलो मर्का पर्न गएको छ। पूर्वमध्यमादेखि उत्तर मध्यमासम्मको गणित ज्योतिष पढाउने सक्षम विद्वानको अभावमा विद्यार्थीले चाहेर पनि पूर्वमध्यमादेखि नै गणित ज्योतिष लिएर पढ्नुबाट बञ्चित छन् भने गणित ज्योतिष पढ्न नसक्नेलाई फलित ज्योतिषको ढोका बन्द नै गरिदिंदा ज्योतिष शिक्षाको भविष्य आउँदा दिनमा अँध्यारोतर्फ जाने निश्चित् छ।

नेपालदेखि बनारस गै फलित ज्योतिषशास्त्री अध्ययन गर्न चाहने प्रदीप, मधु रेग्मी लगायत अन्य हजारौं नेपाली विद्यार्थी फलित ज्योतिष लिएर पढ्न नपाएकोमा साहित्य, व्याकरण लिएर पढ्न बाध्य भएका छन्। जब जुनसुकै विषयमा स्नातक उत्तीर्णले एम.ए.ज्योतिष पढ्न पाउँछ भने सम्पूर्णानन्द विश्वविद्यालयले प्रतिबन्ध लगाउनु कति सान्दर्भिक होला ? कुलपति महोदय प्रोफेसर विन्दप्रसाद मिश्रज्यूको ध्यानाकर्षण हुनु आवश्यक छ।

## प्रचार-प्रसारको अभावमा दाउन्नेदेवी ओझेलमा

✍**हरि पन्त**

**नवलपरासी** : प्रशस्त सम्भावना बोकेर पनि नवलपरासी जिल्लाको दुम्कीवास-५, दाउन्नेमा रहेको दाउन्ने देवीको मन्दिर प्रचार-प्रसारको अभावमा ओझेलमा परेको छ। मन्दिर हातामा नेपालकै पुरानो सञ्चार माध्यमहरू रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र र नेपाल टेलिभिजनको रिपिटर टावर भएर पनि मन्दिर प्रचार-प्रसारको अभावमा ओझेलमा परेको हो।


तस्वीर सौजन्य : मनोजकुमार कार्की

दुर्गा भगवती माताको लाखौं रुपमध्ये एक रुप दाउन्नेदेवीको मन्दिर वि.सं.२०२४ सालमा मन्दिर स्थापना भए तापनि किंवदन्ति अनुसार पाल्पाका राजा मणिमुकुन्द सेन ठकुरीले वि.सं.१९६६ सालदेखि नै पूजा आराधना गर्दै आइरहेको बताइएको छ।

दाउन्ने कसरी रहन गयो भन्ने प्रसङ्गमा प्राचीनकालमा सेनवंशी राजाको पालामा बाइसे-चौविसे राज्यको लडाईं गर्दा घोडा दाउने र सेनालाई तालिम दिने ठाउँ भएकाले सो ठाउँको नाम दाउन्ने रहन गएको भनाइ छ।

त्यस्तै अर्को प्रसङ्गमा दाउन्नेदेवी रहेको डाँडाको हरेक ठाउँबाट बग्ने पानीमा चुन उत्पादन हुने हुँदा उक्त चुनलाई दाउन भन्ने भनाइबाट दाउन्ने रहन गएको मन्दिर व्यवस्थापन समितिका सचिव कृष्णप्रसाद पौडेलको भनाइ छ।

समुन्द्री सतहबाट करिब एक हजार तीन सय मिटरको उचाइमा रहेको दाउन्नेदेवी मन्दिरमा पुग्न महेन्द्र राजमार्गदेखि करिब १ किलोमिटर उकालो पैदल हिंडेपछिमात्र पुग्न सकिन्छ। मन्दिरलाई चारैतर्फ घना जङ्गलले घेरिएकाले अत्यन्त रमणीय र प्रचुर सम्भावना बोकेको छ।

करिब ९५ हेक्टर क्षेत्रफल रहेको दाउन्नेडाँडामा दाउन्नेदेवीको साथमा गायत्रीदेवी, वस्त्रदेवी सरस्वती, शिव, गणेश, लक्ष्मीनारायण रहनुका साथै बौद्ध गुम्वा पनि रहेका छन्। यसको साथै १०८ शिवलिङ्ग सहितको बाबाधाम र पशुपतिनाथको मन्दिर र दाउन्ने कैलाश एउटै नाउँको डाँडामा रहनुले नेपालको अन्य धार्मिकस्थलभन्दा विशेष महत्व रहेकाले यसको सम्भावना प्रचुरमात्रामा रहेको पाइन्छ।

उक्त मन्दिरमा शुद्ध मनले पूजा आराधना गर्नाले सन्तानप्राप्ति हुनुका साथै मनोकांक्षा पूरा हुने सचिव पौडेलको भनाइ छ। यस्तो प्रचुरमात्रामा सम्भावना बोकेर पनि मन्दिरको विकास एवं प्रचार-प्रसारमा स्थानीय निकाय बाहेक राज्य तथा अन्य सम्बन्धित निकायबाट खासै पहल नभएको समितिका कोषाध्यक्ष ओमनाथ सापकोटाको भनाइ छ।

उक्त मन्दिर निर्माणका लागि विशेष गरि भैरहवा निवासी तथा मन्दिरका श्रद्धेय सदस्य केशवविक्रम खड्काको प्रमुख सहयोगले सम्पन्न भएको कोषाध्यक्ष सापकोटाले जानकारी दिनुभयो। त्यस्तै मन्दिरको अन्य भौतिक व्यवस्थापनका लागि गा.वि.स., जि.वि.स. र जल उत्पन्न प्रकोपबाट केही सहयोग भएको सापकोटाले जानकारी दिनुभयो।

केही संस्थाको पहलमा मन्दिरको केही भौतिक संरचना निर्माण गरिए पनि पानीको उचित प्रवन्ध, भक्तजनको व्यवस्थापन, मन्दिर जाने बाटोको निर्माण गरी रेलिङ् लगाउने कार्य, वृद्धाश्रम संचालन, मन्दिर संरक्षणका लागि पर्खाल निमार्ण गर्ने कार्य मन्दिरको गुरुयोजनामा परे पनि रकम अभावमा निर्माण कार्य शुरु हुन नसकेको बताइएको छ।

वार्षिक करिब २ लाख भक्तजनले प्रत्यक्ष अवलोकन गर्ने

**बाँकी ३ पृष्ठमा...**

## भारतीय विश्वविद्यालयमा पढ्न प्रहरी रिर्पोट अनिवार्य

✍**सन्तोष रेग्मी**

**भारत** : तपाई आँफै अथवा आफ्ना छोरा-छोरीलाई भारतीय विश्वविद्यालयमा अथवा कुनै पनि शैक्षिक संस्थामा भर्ना गर्न जाँदै हुनुहुन्छ भने तपाई अथवा छात्र-छात्र जन्मेको जिल्ला प्रहरी कार्यालयको फौजदारी कसूरमा सजाए नपाएको एउटा रिपोर्ट अनिवार्य खल्तिमा बोकी जानु भएमा त्यै रिपोर्ट लिन नेपाल आउँदा/जाँदा हजारौं रुपैयाँको वर्वादीबाट बच्नुहुनेछ।

शुरुदेखि अन्तिम परीक्षाको उत्तीर्ण मार्कसिट, प्रमाणपत्र, चरित्र प्रमाणपत्र तथा त्यागप्रमाणपत्र यी शैक्षिक कागजात त अनिवार्य साथमा हुनै पर्छ। नेपालको प्रहरी रिपोर्टको कागज र भारतीय वकील नोटरी पव्लिकले 'रेगिङ' कार्यमा लाग्ने छैन भन्ने शपथ पत्र समेत बनाएर पेश गर्न सकेमात्र भारतमा भर्ना हुन सकिने हालै ज्योतिष भविष्यवाणी (साप्ताहिक) नेपालको स्थलगत भ्रमणबाट जानकारी प्राप्त भएको छ। त्यस्तै एस.एल.सी. उत्तीर्ण छात्र-छात्रा होस् अथवा कक्षा ८ उत्तीर्ण छात्र-छात्राले भारतमा उच्च अध्ययन गर्न जाँदा कक्षा ८ र एस.एल.सी.को ट्रान्सफर प्रमाणपत्र लगायत सबै प्रमाणपत्रमा नेपालका सम्बन्धित जिल्ला शिक्षा अधिकारीको हस्ताक्षर प्रमाणित र पछाडिपट्टी छाप लगाउन अनिवार्य पर्ने भएको छ।

विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

**उपलब्ध सेवाहरू:**

- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरु
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



**होटल फेवा प्रिन्स प्रा. लि.**
चाउथे, कुँडहर
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
'The Most Spacious Hotel in Pokhara'
E-mail : fprince_pkr@wlink.com

## सम्पादकीय...

# स्वरोजगार शिक्षामा ज्योतिष सर्वोत्तम

दृष्टिविहीनलाई आँखाको जत्तिको महत्व छ त्यस्तै ज्योतिष शिक्षाको महत्व जो कसैलाई छ । वेदरुपि महापुरुषको नेत्रको रुपमा रहेको ज्योतिष अठारै पुराण, उप-पुराण, स्मृति, संहिता ग्रन्थमा यत्रतत्र छरिएर रहेको पाइन्छ । द्वापर युगमा जन्मेका भगवान श्री कृष्णको जन्मको एघारौं दिन न्वारन र नामाकरण बारेको इतिहाससम्म पुग्दा कम्तिमा आठलाख वर्ष पुरानो इतिहास ज्योतिष शिक्षाको पाइन्छ । भगवान गणेशको जन्म र न्वारन गरी जन्मको नाम गुणेश राखिएको प्रशङ्ग गणेश पुराणमा पाइन्छ । स्वयं गणेश भगवान ज्योतिषीको रुपमा काशीका गल्ली-गल्लीमा तहल्का मच्चाएको प्रशङ्ग पनि गणेश पुराणमा उल्लेख गरिएको छ । चाहे स्कन्द पुराण होस् अथवा भविष्यपुराण ज्योतिषका प्रसङ्ग प्रशस्तै पाइन्छन् । ज्योतिष शिक्षाको आदिकाल खोज्दै जाने हो भने सत्य युगसम्म पुग्नु पर्ने हुन्छ । एक युगको अवधि चार लाख ३२ हजार रहेको नेपाली पञ्चाङ्कार मान्दछन् । यो सृष्टि जुन मितिमा भयो ज्योतिष शिक्षाको आरम्भ पनि सोही मितिबाट भएको मान्नु पर्दछ ।

जब सूर्य चन्द्रमा उदाउने अस्ताउने कार्य शुरु भयो ज्योतिष शिक्षाको आरम्भ त्यहि मितिबाट मान्नु मनाशिव हुन्छ । आधुनिक भूगोल वैज्ञानिकले यो पृथ्वीलाई ३६० डिग्रीमा नाप्नुभन्दा लाखौं वर्ष पहिला हाम्रा ऋषिमुनिरुले यो पृथ्वीको नाप गरी पुराण, संहितामा उल्लेख गरिसकेका थिए । हामी ज्योतिषलाई 'टाइम साइन्स' मान्न सक्दछौं । किनकी काल गणनाको शास्त्र ज्योतिष शिक्षाले देवी, देवता, मनुष्य, चराचर सबैको आयू तोकिदिएको छ । शास्त्रमा ज्योतिष शिक्षालाई एउटा 'Science of Science' को रुपमा अर्थात् विज्ञानको पनि विज्ञान मान्नु मनाशिव ठहर्दछ । ज्योतिष वैज्ञानिकले एउटा जन्मलग्न कुण्डलीको भरमा विश्वमा जुनसुकै ठाउँमा रहेका व्यक्तिबारे नालीबेली सबै बताइदिन्छन् । आजको अत्याधुनिक विज्ञानले डिजीटल मार्फत जे प्रस्तुत गरिरहेको छ त्यो समग्र श्रव्यदृष्य चित्र हो वास्तवमा ज्योतिष । प्रत्येक मानव जाति जन्मजात भिन्न विशेषता लिएर आएको हुन्छ । जसमा उसले अधिकतम् प्रतिभा देखाउन सक्दछ । तर प्रत्येक मनुष्यले जन्मजात के कस्तो प्रतिभा लिएर आएको छ त्यो व्यक्तिको जन्म मिति, समयको आधारमा एउटा असल ज्योतिष वैज्ञानिकलेमात्र बताउन सक्छ । जो व्यक्ति जन्मजात पाइलट् छ उसले पाइलट् विज्ञान पढ्यो भने विना दुर्घटना आजीवन जहाज चलाएर पनि आफू तथा परिवारको राम्रो भरणपोषण गर्न सक्दछ । जो व्यक्ति जन्मजात पाइलट् होइन उस व्यक्तिले पाइलट् विज्ञान पढेर आँफू अल्पकालमा दुर्घटनामा परि दर्जनौं यात्रीको परिवार तथा आफ्नो परिवारलाई विचल्लीमा पारिरहेको अवस्था छ । जो व्यक्ति जन्मजात मेडिकल विज्ञानको होइन उसले पैसाको बलमा मेडिकल पढेर दर्जनौं रोगीलाई अप्रेशन थिएटरबाट सधैंका लागि बिदाई गरिरहेको अवस्था छ । जो व्यक्ति कानून व्यवसायी होइन उसले कानून पढेर गरेको लगानी भोलि उठ्दैन भने त्यो विषय पढ्नु नै व्यर्थ छ । कानून पढेर होलसेलको ब्यापार गर्नेको डिग्री जन्मजात वकीलले पाए सुनमा सुगन्ध हुन्छ । यो संसारमा अयोग्य कोही छैन । आवश्यकता छ उस व्यक्तिभित्रको प्रतिभा पत्ता लगाई उसबाट अधिकतम् लाभ लिनेको ।

देशमा पचहत्तर जिल्लाका प्रमुख जिल्ला अधिकारीले सबैलाई नागरिकता प्रमाणपत्र उपलब्ध गराउन सकेको अवस्था छैन । उमेर १६ पुगेपछिमात्र बनाउन पाइने नागरिकता त देशलाई पुराउन सकिएको छैन भने समग्र देशका जनताको जन्कुण्डली अथवा जन्ममिति प्रमाणपत्र बनाउन कति ज्योतिषी आवश्यक होलान् ? जति जनसंख्या नेपालीको नेपालमा छ त्यतिनै भारतमा रहेको छ । समग्र भारतमा रहने नेपालीहरुले नेपालको हिमाल पञ्चाङ्गको प्रयोग गरिरहेका छन् । यदि ज्योतिषी पनि नेपाली भाषी पाएमा भारतीय नेपाली नेपालकै व्यक्तिलाई ज्यादा महत्व दिने गर्दछन् । ज्योतिष शिक्षाको क्षेत्रमा सम्भावना प्रशस्तमात्रामा छन् । एकातर्फ आधारभूत व्यवस्थित ज्योतिष शिक्षाको ज्ञान दिन सक्ने ज्योतिषीलाई भ्याई-नभ्याई छ भने अर्कोतर्फ विश्वविद्यालयबाट ज्योतिषशास्त्री, ज्योतिषाचार्य डिग्रीप्राप्त व्यक्ति स्वतन्त्र ज्योतिष पेशामा सक्रिय रुपमा लाग्न सकेको अवस्था छैन । त्यसकारण अहिलेसम्मका विश्वविद्यालयले प्रदान गरेको ज्योतिष डिग्री र व्यवहारिक ज्योतिष शिक्षामा जो व्यापक अन्तर छ त्यसलाई सामाञ्जस्य गर्दै वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयबाट दीक्षित विद्यार्थीलाई स्वतन्त्र स्वरोजगारमा लगाउने हाम्रो प्रमुख उद्देश्य हो । कुनै पनि विषयमा स्नातक उत्तीर्ण छात्र-छात्रालाई ज्योतिष एम.ए.मा प्रवेश लिई एम.ए., पी.एच.डी.(ज्योतिष)पश्चात् त्यो व्यक्ति स्वदेश तथा विदेशका लागि दक्ष हुन सक्छ जसले आँफू स्वरोजगारयुक्त भै दर्जनौं पण्डितहरुलाई पनि धार्मिक कार्य प्युाउन सक्षम हुन्छ हामीले सोच्यौं । यसलाई लागू भारतले गऱ्यो भारतीय जनता पार्टीको सरकारको कार्यकालमा । आज आगरा विश्वविद्यालय, विक्रम विश्वविद्यालय उज्जैन, मध्यप्रदेश, जीवाजी विश्वविद्यालय, ग्वालिएर लगायत २१ वटा विश्वविद्यालयले ज्योतिष एम.ए. पाठ्क्रम पढाईरहेका छन् । यति हुँदा-हुँदै पनि ज्योतिष शिक्षाको विधागत विश्वविद्यालय विश्वमा कसैले खोलेको सुन्न देख्नमा आएको छैन । यो नै हाम्रा लागि खुशीको कुरा हो । हाम्रो नेपालमा पैसाको अभावले हामी गरीब छैनौं । आवश्यकता छ भएको आर्थिक स्रोत ठीक ठाउँमा लगाउने । वैदिक ज्योतिष विज्ञान विश्वविद्यालयको शैक्षिक तथा भौतिक विकासमा लगानी गर्नु भनेको कम्तिमा ज्योतिष शिक्षाप्रति आस्था राख्ने बेरोजगारका लागि स्थायी स्वरोजगार अवश्य हो । व्यक्ति आँफैमा जन्मजात नास्तिक पनि हुँदैन, आस्तिक पनि हुँदैन । जसलाई सानैदेखि धार्मिक तथा ज्योतिषीय वातावरणमा सक्रिय गराउने हो भने यो दुनियाँमा कुनै नास्तिक पनि हुँदैन । कम्तिमा ज्योतिष वैज्ञानिक सूत्र अनुसार जुनसुकै कामलाई व्यवस्थित रुपमा गर्ने हो भने हामी जुनसुकै क्षेत्रमा उत्कृष्टतम् सेवा र उत्पादन लिन सक्दछौं यो नास्तिकलाई पनि उपयोगी शिक्षा हो ।

ज्योतिष शिक्षामा राम्रो दखल भएका व्यक्तिलाई स्वदेश तथा विदेशमा प्राक्टिस गर्न कतै प्रतिबन्ध छैन । ज्योतिष शिक्षा कतै जात-जातिमा सीमित छैन । न त कुनै पार्टीको हस्तक्षेप, न कुनै क्षेत्राधिकार समस्त विश्व भ्रमण गर्न सक्छ दक्ष ज्योतिषी विना रोक टोक । एक पटक ज्योतिष स्वरोजगारमा लागेका व्यक्ति विदेश जान फुर्सद या रहर गर्ने गरेको रिकर्ड कम पाइन्छ । ज्योतिषीलाई काम जति पनि पुगेको छ आफ्नै देशमा । ज्योतिष शिक्षाको सेवामा लागेको व्यक्तिलाई झुट बोल्नु पर्ने बाध्यता छैन । आफ्नो नित्य, नियम, कर्म छोड्नु पर्दैन, चक्काजाम बन्दले केही पनि बिगार्न सक्दैन । राज्य, सत्ता, सरकार निरंकुश प्रजातन्त्र जे सुकै होस् ज्योतिषीलाई केही पनि फरक पर्दैन । त्यसकारण आजीवन स्वरोजगार शिक्षा ज्योतिष विषयको पढाई गर्नु महिला पुरुष जो कसैलाई त्यत्तिकै उपयोगी छ । कुनै पनि व्यक्तिले जन्मेर शिक्षा क्षेत्रमा सबैभन्दा ठूलो महान कार्य गर्न खोज्यो भने त्यो विश्वविद्यालय स्थापना नै हो । तपाई हामी सबैको संयुक्त प्रयास सफल होस् यही अपेक्षा ।

# भविष्यवाणी भेटवार्ता

## "वेदको ६ अंगमध्ये एक अंग ज्योतिष हो"



डा. मतिप्रसाद ढकाल

**परिचय :** मध्यम वर्गीय किसान परिवारमा पिता पाराश्वर ढकाल, माता विष्णुदेवी ढकालका दुई छोरामध्ये ज्येष्ठ सुपुत्रका रुपमा वि.सं.२०२८ साल ज्येष्ठ २९ गते अमलाचौर-५, बाग्लुङ जिल्लामा जन्मनुभएका डा. मतिप्रसाद ढकाल सह-प्राध्यापकको रुपमा नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत नवलपरासीको गैंडाकोटस्थित कालिका संस्कृत विद्यापीठमा प्राध्यापनरत हुनुहुन्छ । आफ्नो ६ वर्षको उमेरदेखि पृथ्वी नि.मा.वि.अमलाचौरबाट विद्यालयको औपचारिक शिक्षा प्रारम्भ गरी पृथ्वी उच्च मा.वि. पैयुँपाटा बाग्लुङ, वज्रयोगिनी प्रा.वि. देवघाट चितवन, जलदेवी प्रा.वि. तनहुँ, महर्षि वेद विज्ञान विद्यापीठ ललितपुरबाट संस्कृत विषयको अध्ययन प्रारम्भ गर्दै गोरक्षनाथ संस्कृत विद्यापीठ गोरखपुरबाट वि.सं. २०४५ सालको पूर्वमध्यमा परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभएको थियो । तत्पश्चात् उहाँले नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत पिण्डेश्वर विद्यापीठ धरानबाट उत्तरमध्यमा तह पूरा गर्नुभएको थियो । उहाँले प्राइभेट विद्यार्थीका रुपमा जनता विद्यापीठ बिजौरी दाङबाट शास्त्री तहको प्रथम वर्षमा विश्वविद्यालयकै सर्वोत्कृष्ट अंक हाँसिल गर्दै वि.सं.२०४९ सालमा शास्त्री तह पूरा गर्नुभयो । साथै व्याकरण विषयबाट वि.सं.२०५२ सालमा आचार्य र २०५५ सालमा त्रि.वि.बाट नेपालीमा एम.ए. तहको अध्ययन पूरा गर्नुभएको छ । धर्म, संस्कृति र राष्ट्रियतालाई विशेष महत्व दिनुहुने डा. ढकालले अध्ययनकै क्रममा वि.सं. २०६७ सालमा नेपाल संस्कृत विश्वविद्यालय दाङबाट व्याकरण विषय अन्तर्गत लोक, आगम र वर्णविकारका दृष्टिले पाणिनीय व्याकरणका नियम र प्रयोगको समीक्षा शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । वि.सं. २०४५ सालमा पं. वैयाकरण नेपाल पुरस्कार समेत प्राप्त गर्न सफल ढकालका नेपाली र संस्कृत सम्बन्धी विभिन्न कृति तथा लेख टिप्पणीहरू प्रकाशित छन् । प्रस्तुत छ ज्योतिष भविष्यवाणी साप्ताहिक प्रतिनिधि हरि पन्तले उनै ढकालसंग नवलपरासीको गैंडाकोटमा भेटवार्ताको क्रममा गरेका कुराकानीका अंश :

ज्यो.भ.- डा.ढकालज्यू यतिधेरै पढ्न कसरी सम्भव भयो ?

डा.ढकाल- पढ्नु एउटा संघर्ष हो । निरन्तर संघर्षले नै पढ्न सम्भव बनायो । मेरो पढाई विना लगानी पूरा भएको छ । मेरो घर परिवार पूरै अशिक्षित भएकाले पढ्दा मलाई घरबाट भन्दा मलाई मावलीको प्रेरणाले संस्कृत पढ्न उत्प्रेरित गऱ्यो । शुरुमा विद्यावारिधि नै गर्छुजस्तो लागेको थिएन । अध्ययनसंगै जागीरलाई समेत अघि बढाउँदा विद्यावारिधि आवश्यक हुँदोरैछ ।

ज्यो.भ.- प्राध्यापन पेशामा आउनुको कारण ? अहिले कस्तो लाग्छ ?

डा.ढकाल- मैले वि.सं.२०४८ देखिनै विश्वविद्यालय अन्तर्गत संस्कृत विद्यापीठको खरदार तहमा जागीर शुरु गरेको थिएँ । त्यो जागीरमा आफ्नो विवेक प्रयोग गर्न नपाउँदा अति असहज लाग्यो । त्यो जागीर खाँदै २ विषयमा एम.ए. पूरा गरेपछि सो जागीर छाडेर प्राध्यापन पेशातिर लागें । मैले भानु संस्कृत विद्यापीठ तनहुँबाट प्राध्यापन पेशा शुरु गर्दै जनकहजारी विद्यापीठ, रारा बहुमुखी क्याम्पस जनकपुर, जनता विद्यापीठ दाङ हुँदै हाल प्राध्यापनरत छु । विवेक प्रयोग गर्न पाईने स्वतन्त्र पेशा भएकाले यो पेशा रोजेको हुँ । प्राध्यापन जस्तो स्वतन्त्र पेशामा लागेर आफ्नो विवेक स्वतः स्फूर्त रुपले प्रयोग गर्न पाउँदा अत्यन्तै रमाइलो लागेको छ । यदि यो पेशामा आउन नपाएको भए त्यहि खरदार तहमै काम गर्न बाध्य हुने थिएँ ।

ज्यो.भ.- अहिलेको शिक्षा नीति कस्तो लाग्छ ?

डा.ढकाल-अहिलेको शिक्षा नीति बेरोजगार उत्पादन गर्ने खालको छ । शिक्षा नीति आफैमा स्वाबलम्बन हुन सकेन । प्राविधिक पक्षलाई विशेष जोड दिनुपर्नेमा दिन सकिएन । त्यैमाथि व्याप्त राजनैतिक हस्तक्षेपले ग्रसित छ । यसलाई स्वतन्त्र बनाउँदै शिक्षाविद्हरूको सहयोगमा नेपालको समय परिस्थितिलाई मूल्याङ्कन गरी उत्पादनमुखी नीति बनाउन आवश्यक छ ।

ज्यो.भ.- शिक्षा व्यापारीकरण भएको भन्छन् नि ?

डा.ढकाल- हो, शिक्षालाई व्यापारीकरण गरिएको छ । यो सरकारको कमजोरी हो । प्रा.वि.तहदेखि विश्वविद्यालयसम्म राजनीति भागवण्डाको आधारमा पद विभाजन गरिएको छ । यसै कारणले सरकारी विद्यालयको शैक्षिक गुणस्तर ध्वस्त हुँदा निजी क्षेत्रले व्यापार गर्न पाएका हुन् ।

ज्यो.भ. - नियन्त्रण गर्न सम्भव छैन ?

डा.ढकाल- नियन्त्रण गर्न त्यति सजिलो छैन । सरकारले उचित नीति बनाई सो नीतिमा निजी विद्यालयलाई त्याई सरकारी विद्यालयको गुणस्तर वृद्धि गर्नुपर्छ । साथै सरकारी विद्यालयको पहुँच पनि बढाउँदै लगेमा केही हदसम्म नियन्त्रण हुन सक्ला । सरकारले उचित नीति नबनाई हचुवामा काम गर्दा जनतालाई यसबाट ठूलै मार परेको छ ।

ज्यो.भ. - शिक्षा क्षेत्रमा राजनीति हावी छ नि ?

डा.ढकाल- शिक्षामा राजनीति आवश्यक छ तर अहिले भएको जस्तो होइन । राजनीतिले शिक्षाको गुणस्तर वृद्धि र विकासका लागि हुनुपर्नेमा विद्यालयबाटै देशको राजनीति संचालित हुनु अति गलत छ । निजी विद्यालयमा राजनीति छैन र गर्न पनि सक्दैनन् । सरकारी विद्यालयमा भएको

बाँकी ५ पेजमा...

# रेण्डम रिडर्समा तेस्रो किनाराको परिचर्चा

✍ **ज्योतिष भविष्यवाणी**

**पोखरा** : रेण्डम रिडर्स सोसाईटी अफ नेपाल पोखरामा शनिवार कथाकार अभय श्रेष्ठको कथा सङ्ग्रह तेस्रो किनारामाथि परिचर्चा गरियो ।

परिचर्चाकार फडिन्द्र अकिञ्चनले अभय श्रेष्ठलाई कार्यपत्रमा समसामयिक नेपाली कथाका प्रभावशाली कथाकारको रुपमा चिनाउनुभएको थियो। उहाँले श्रेष्ठका कथाहरूको सम्बन्धमा भन्नुभयो–'निम्न वर्गीय सम्वेदनाका सुन्दर प्रतिविम्ब हुन कथाकारका कथा ।' कथाकार श्रेष्ठका फूलबिनाका शाखा गजल संग्रह, कायाकल्प कविता संग्रह र तेस्रो किनारा कथा संग्रह गरी तीन कृति प्रकाशित छन् ।

सोसाईटी हरेक महिना प्रस्तुत गर्ने स्रष्टा परिचयमा यसपाली निवन्धकार रोशन शेरचनको विषयमा सरस्वती प्रतीक्षाले प्रकाश पार्नुभएको थियो । उहाँले शेरचनलाई विचार, तार्किकता र बौद्धिकताको कुशल संयोजन गर्ने निबन्धकारको रुपमा चित्रण गर्नुभयो ।

परिचर्चा कार्यक्रममा डा. लक्ष्मीशरण अधिकारी, सुवास मल्ल, शिव पौडेल, डिल्लीप्रसाद ढुंगाना, अमिरमान श्रेष्ठ, गनेश पौडेल, सरस्वती प्रतीक्षा, सौगात संघर्ष, डा. यदुनन्दन उपाध्याय, शिव काफ्ले, तोयानाथ लामिछाने, छवि सुवेदी 'विजयी', राजेन्द्र चापागाई 'आहत' लगायतले तेस्रो किनाराका कथाहरू माथि टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा परिचर्चाकार फडिन्द्र अकिञ्चनको परिचय गजल सन्ध्या पोखराका अध्यक्ष मन क्षेत्रीले प्रस्तुत गर्नुभएको थियो । सोसाईटीका अध्यक्ष राजेन्द्र चापागाई 'आहत'को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सह–सचिव उपेन्द्र पौडेलले गर्नुभएको थियो ।

'रिड एण्ड फिड'को अवधारणाले स्थापित संस्थाले आगामी महिना 'ट्रान्जिशन ईन नेपाल' पुस्तकमाथि कृष्ण के.सी.ले परिचर्चा गर्ने सो अवसरमा जानकारी दिईयो ।

# पी.एच.डी. डिग्री बारे संक्षिप्त परामर्श

**डा. बलराम उपाध्याय रेग्मी**

१. विश्वविद्यालयबाट प्रदान गर्ने पी.एच.डी. र डी.लट उपाधिमध्ये आज हामी छोटो चर्चा गर्छौं पी.एच.डी. बारे । पी.एच.डी. भनेको डाक्टर अफ फिलोसफी अर्थात 'दर्शन विषयको ज्ञाता' । पी.एच.डी. मा प्रवेशका लागि कम्तिमा मास्टर्स डिग्रीमा ५० प्रतिशत कुल प्राप्ताङ्क हुनु आवश्यक छ दिल्ली विश्वविद्यालयमा हो भने । न्यूनतम् ६० प्रतिशत कुल प्राप्ताङ्क छ भने लखनउ, गोरखपुर, जयपुर, राजस्थान लगायत भारतका अधिकांश विश्वविद्यालयबाट पी.एच.डी. गर्न पाइन्छ । नेपालको त्रिभुवन विश्वविद्यालयबाट पी.एच.डी. गर्न कम्तिमा द्वितीय श्रेणी ५० प्रतिशत प्राप्ताङ्क ल्याएको छ भने प्रवेश प्राप्त गर्न सकिन्छ । कतिपय भारतीय विश्वविद्यालयमा पी.एच.डी. गर्नका लागिमात्र प्रवेश परीक्षा लिने गर्दछन् । कुनै जमाना थियो पी.एच.डी. गर्ने छात्र अति कमहुन्थे आज हजारौं पी.एच.डी. गर्ने छात्र–छात्राको कारण पी.एच.डी. गराउने प्रोफेशरको अभाव हुँदा प्रवेश परीक्षा मार्फत अति कम उत्तीर्णलेमात्र पी.एच.डी. गर्ने मौका पाउँछन् ।

२. मास्टर्स डिग्री उत्तीर्ण व्यक्तिले सर्वप्रथम पी.एच.डी. को विषय शीर्षक चयन स्वयं गर्नुपर्दछ तबमात्र पी.एच.डी. अध्ययन रोचक हुँदै र तोकेको समयमा पूरा गर्न सकिन्छ । जस्तै 'पोखरेली समाजमा फलित ज्योतिषको प्रभाव', 'नेपालमा रेडियो ज्योतिषको भविष्य' । शीर्षक स्पष्ट, छोटो राखियो भने अध्ययनको सीमाभित्र रहन सकिन्छ । शीर्षक अस्पष्ट लामो रोज्ने अनुसन्धाता आँफैमा अन्यौलमा छ भन्ने बुझिन्छ ।

३. यदि पी.एच.डी. नेपालबाट गर्ने हो भने शोध निर्देशक र पी.एच.डी. गर्ने दुवै जनाको राजनैतिक आस्था एउटै भएमात्र तोकिएको समयमा पी.एच.डी. अध्ययन पूरा हुन सक्दछ अन्यथा कम्तिमा ५/७ वर्ष ज्यादा लाग्ने गर्दछ । राजनीतिक आस्था नमिलेको बीचमा पी.एच.डी. अध्ययन पूरा ग्यारेन्टी हुन्छ भन्न सकिने अवस्था हुँदैन । त्यसकारण झुक्किएर पनि पी.एच.डी. गर्ने गराउने आस्था अलग–अलग नहोस् यो शतप्रतिशत ख्याल गर्नुपर्दछ ।

४. भारतबाट पी.एच.डी. गर्ने विद्यार्थीले सकेसम्म आफ्नै राजनीतिक आस्था मिल्ने शोध निर्देशक खोज्नु आवश्यक पनि छैन, उचित पनि छैन, भारतमा त्यो सम्भव पनि छैन । सामान्यतया विश्वविद्यालयमा दर्ता गरेको मितिले दुईवर्षभित्रमा भारतमा पी.एच.डी.को अध्ययन पूरा गर्न सकिन्छ । तर विद्यार्थीको लगनशीलता अति नै आवश्यक छ । नेपालमा पी.एच.डी. गर्ने छात्रले लाख कोशिश गरोस पाँच वर्षभित्र पूरा हुन राजनीतिक आस्था मिले पनि सम्भव हुँदैन । त्यसकारण नेपालबाट जागीरमा लागेर वर्षौं लगाएर पी.एच.डी. गर्नुभन्दा शुद्ध रिसर्च स्कालर भएर भारतीय विश्वविद्यालयमा गै २ वर्षकै अवधिमा पी.एच.डी. गरी फर्कनु बुद्धिमानी हुन्छ ।

५. मास्टर डिग्री स्वदेशबाट गरे पनि पी.एच.डी. विदेशबाट गर्नु आँफैमा अन्तर्राष्ट्रिय व्यक्तित्व हुन जान्छ । त्यसकारण सम्भव भए मास्टर डिग्री पी.एच.डी. दुवै विदेशबाट सम्भव नभए पी.एच.डी. मात्र पनि विदेशबाट गर्दा विश्वव्यापी अवसर पाउन सकिने हुन्छ । नेपालको पी.एच.डी. लाई भारतले पनि स्वीकार्न आनाकानी गर्छ भने भारतबाट पी.एच.डी. गरेका व्यक्तिलाई बेलायत, अमेरिकाले पनि स्वीकारेको अवस्था छ । त्यसकारण बेलायत, अमेरिका गएर पी.एच.डी. गर्न नसके पनि भारतबाट पी.एच.डी. गर्दा पनि केही अन्तर्राष्ट्रिय व्यक्तित्व निर्माण हुन्छ भने किन छिमेकी भारतको उपयोग नगर्ने ?

६. सामान्यतया पी.एच.डी. गर्दा पाँच लाखभन्दा ज्यादा लाग्छ भनेर एक थरी तर्साउने गर्छन त्यो कुरा सरासर झूट हो । नेपालबाट पी.एच.डी. गर्नेलाई कुनै हालतमा एकलाख ज्यादा रकम लाग्दैन भने भारतमा जुनसुकै राज्यबाट पी.एच.डी. गरे पनि भारु एकलाख भन्दा ज्यादा लाग्दैन । तर जे पनि खाने, महंगा होटलमा बस्ने, प्लेनमा पटक–पटक चढ्नेलाई एकलाखले पुग्दैन ।

७. पी.एच.डी. किन गर्ने ? आफ्नो विषयको भरपर्दो विशेषज्ञ हो पी.एच.डी. गरेको व्यक्ति । पदीय प्रमोशनको आश गर्ने अन्त्यमा प्रोफेशर बन्ने हो भने बेलैमा पी.एच.डी. गर्नु अति जरुरी छ । अन्यथा उप–प्राध्यापक हुँदै सह–प्राध्यापक पनि भइएला तर प्रोफेशर पदमा पुग्न प्रयाप्त कठिन पर्नेछ । प्रोफेशर पनि भइएला तर बिना पी.एच.डी. प्रोफेसर हुने व्यक्तिलाई पी.एच.डी. डिग्रीधारी व्यक्ति उच्च वौद्धिक सम्मान दिंदैनन् ।

८. एम.ए. गरेपछि पैसा, जग्गा, जमीन, घर घडेरी जोड्न चाहनेहरू जीवनमा पी.एच.डी. गर्दैनन् गरे पनि प्रथम श्रेणीका बुद्धिजीवि हुँदैनन् जसले प्रतिष्ठा उच्च वौद्धिकता रोज्छ उसले एम.ए. पश्चात् तुरुन्तै पी.एच.डी. को अध्ययन पूरा गर्नेतर्फ लाग्दछ ।

९. पी.एच.डी. यस्तो उपाधि हो जसलाई प्राप्त गरेपछि विश्वस्तरमा सोही तहका वौद्धिक मित्रको स्तरमा पुगिन्छ । राज्यको होस् वा विश्वविद्यालयको कुनै पनि पदमा पुग्न योग्यताले रोक्दैन पी.एच.डी. वालालाई । सोर्सफोर्सको भरमा बिना पी.एच.डी. उपकुलपति पनि भइएला तर पी.एच.डी. वालाले त्यस्ता उपकुलपतिलाई उच्च सम्मान दिंदैनन् ।

१०. पी.एच.डी. या विद्यावारिधि डिग्री प्राप्त व्यक्ति त्यो हो जो शिक्षाको क्षेत्रमा सभ्यता, व्यवहारमा अत्यन्तै विनयशील छ । जो व्यक्ति पी.एच.डी. गरेर घमण्ड प्रदर्शन गर्दछ त्यस्तो व्यक्ति 'विद्या विवादाय धनं मदाय...' अन्तर्गत पर्दछ । त्यसकारण जति सुकै ठूलो डिग्री प्राप्त गरे पनि घमण्डी व्यक्तिलाई कसैले मन पार्दैनन् । त्यसकारण उच्च शैक्षिक डिग्रीलाई घमण्ड प्रदर्शन गर्ने माध्यम बनाउनु हुँदैन ।

*(ज्योतिष पत्रकारिता विधामा पी.एच.डी. गर्ने पहिलो नेपाली नागरिक)*

# धार्मिक सन्देश

## मलमास किन बार्ने ?

✍ **सम्पादकको कलमबाट**

सूर्य चन्दमाको भ्रमणको क्रममा हुन आउने अन्तरको खास अवधिमा एक महिनाको समय बढ्न जान्छ भने त्यसलाई अधिकमास अथवा मलमास भनिन्छ ।

यसपाला भदौ २ गतेदेखि ३१ गतेसम्म अधिकमास पर्न गैरहेको छ । मलमास भनेको वर्षमा १२ महिना नभएर १३ महिना हुनु पनि हो । जसको नाम त्यस्तै काम मलमासको हुन्छ । विशेषगरी धार्मिक नयाँ व्रत, कथा, पुराण, रुद्री जस्ता वैदिक कर्म मलमासमा लगाउँदा शुभ फल पाईंदैन ।

विवाह गरेका नयाँ दुलहीलाई मलमासमा लोग्नेको मुख पनि देख्न हुन्न भनेर माइत पठाउने चलन मलमासमा कुनै गर्भ नरहोस् भन्ने हो । मलमासको समयमा जो पनि बच्चा–बच्ची जन्मिन्छन् ती खतरनाक आमा, बुबा पिर्ने हुन्छन् अथवा आँफै कमजोर शरीरका, रोगी हुने गर्दछन् ।

त्यसकारण लोग्ने श्रीमती मलमासमा संगै बसेमा गर्भ रहनबाट टाढा हुन केही गरी सक्दैनन् भन्ने मान्यताले माइतीमा श्रीमती पठाउने गरिएको हो । घरायसी काम धन्दा जति नै होस एक महिना माइतमा बसेर श्रीमती गर्भ रहनुबाट जोगिन सकुन भन्ने प्रमुख उद्देश्य मलमासमा माइत जानुको हो । कतिपय पण्डित तीन दिन बारे पुग्छ भन्छन् कतिपयले सात दिन बारे पुग्छ भन्छन् भने कतिपयले पूरा एक महिना बार्न लगाउँछन् ।

वास्तवमा एक महिना श्रीमतीलाई माइत बसाल्नु सबैभन्दा उत्तम हुन्छ । यदि काबु बाहिरको परिस्थिति पर्छभने श्रीमान् श्रीमतीले पूरा एक महिना यौन सम्बन्ध नराखी रहन सक्छन् भने माइत जानु जरुरी छैन । तर यौन भावनालाई रोक्न कसैले नसक्ने हुँदा बेलैमा श्रीमतीलाई माइत पठाउनु मनाशिव हुने शास्त्रकारको मान्यता छ ।

## मंगल चौथीबारे निर्णय

*यदि कसैले मंगलचौथीको व्रत गर्दै आइरहेको भए आउँदो यहि भाद्र ५ गते मंगलबार पर्ने मंगलचौथीको व्रत पूजा गर्नु ठीक हुन्छ ।*

*यदि कसैले मंगल चौथीको व्रत नयाँ शुरु गर्ने हो भने आउँदो भदौ ५ गतेको मंगलचौथीमा नयाँव्रत शुरु गर्नु हुँदैन । गरिरहेको धार्मिक कार्य गर्न मिल्छ, मलमासमा नयाँ व्रत शुरु गरे फल पाईंदैन ।*

## प्रचार–प्रसारको...

उक्त मन्दिरमा कुखुरा, हाँस, बोका वली, पञ्चवली लग्नुका साथै परेवा उडाउँने समेत गरिन्छ । मन्दिरमा विशेष मेला बडा दशैंको औंसीदेखि कोजाग्रत पूर्णिमासम्म विशेष मेला लाग्नुका साथै चैते दशैंको अवसरमा पनि मेला लाग्ने गरेको छ भने हरेक दिन मन्दिर खुल्ने गरेको छ । दाउन्नेदेवीको दर्शन गर्न बिशेष गरी नवलपरासी, चितवन, रुपन्देही र भारतको बिहारबाट भक्तजन आउने गरेको कोषाध्यक्ष ओमनाथ सापकोटाले बताउनुभयो । वि.सं.२०२४ सालमा स्थापित मन्दिरमा हालसम्मका एकमात्र पुजारी अम्बिका पुरीले उक्त जङ्गलमा तपस्या गरेपछि प्रचार–प्रसारमा आई मन्दिर स्थापना भएको बताइएको छ । मन्दिर एवं रेडियो नेपाल, नेपाल टेलिभिजन, नेपाल टेलिकमको टावर सुरक्षार्थ सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेना समेत रहेका छन् । मन्दिरले प्रचुरमात्रामा सम्भावना बोके पनि प्रचार–प्रसारको अभावमा केही ओझेलमा परेको देखिएको रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र दाउन्नेका पत्रकार ऋषिकेश बस्ताकोटीको भनाइ छ । मन्दिरको विकास एवं व्यवस्थापन सबैक्षेत्रबाट पहल भै तिव्र प्रचार–प्रसार भएमा विश्व चर्चित देवी मनकामनाभन्दा कम सम्भावना नरहेको उहाँको दावी छ ।


# ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

**ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी**

बिन्ध्यवासिनी मन्दिर मार्ग १, घर नं. २७, पोखरा, नेपाल

भेट्ने समय : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/

फोन सम्पर्क : ९८४६२१८८१५, ९७२६१५३६८३

## हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,

२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,

३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,

४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,

५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिने ।

अनुभवः- (१) विगत १४ वर्षदेखि ज्योतिष शिक्षाको माध्यमबाट सशक्त सामाजिक सेवा गर्दै आएको (२) वि.सं. २०५५ पौष १४ गतेदेखि ज्योतिष भविष्यवाणी (साप्ताहिक) मोरङ (हाल कास्की स्थित कार्यालयको) पर्वत जिल्ला संवादाता (३) आजीवन सदस्य- अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, पर्वत, धौलागिरि, नेपाल (४) सचिव नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति (५) आजीवन सदस्य कर्णधार (मासिक) पोखरा, प्रधान सम्पादक- डा. भूपति ढकाल 'कमल' (६) आजीवन सदस्य-पोखरा ज्योतिष महाविद्यालय, पोखरा नेपाल शैक्षिक योग्यता- ज्योतिष डिप्लोमा (७) दक्षिण एशियाली ज्योतिष महासंघको आजीवन सदस्य, एशियाली ज्योतिष महासम्मेलन गौहाटी, काठमाडौंबाट स्वर्णपदक प्राप्त (८) अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलन भारत राजस्थान अजमेरबाट स्वर्णपदक तथा मध्यप्रदेश इन्दौरबाट ज्योतिष चन्द्रिका उपाधि प्राप्त (९) सदस्य- नेपाल पत्रकार महासंघ कास्की शाखा, नेपाल, (१०)सदस्य - नेपाल प्रेस युनियन, कास्की शाखा ।

# विमानस्थल निर्माणको माग गर्दै आन्दोलन शुरु

✎रामनाथ अधिकारी 'संगी'

**पोखरा** : पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा भैइरहेको ढिला सुस्ती र षड्यन्त्र विरुद्ध पोखरेलीहरूले आन्दोलन शुरु गरेका छन् ।

पोखरेलीहरूले आन्दोलन स्वरुप बुधबार पोखरामा बृहत जनप्रर्दशन गरेका थिए । पोखरामा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समिति पोखराले बिमानस्थल निर्माणका लागि दबाब दिन बुधबारदेखि आन्दोलनका कार्यक्रम शुरु गरिएको हो ।

आन्दोलनको पहिलो कार्यक्रम अन्तर्गत जिल्ला प्रशासन कार्यालय कास्की मार्फत प्रधानमन्त्रीलाई र नेपाल उड्डयन प्राधिकरण पोखरा मार्फत नेपाल नागरिक उड्डयन प्राधिकरण केन्द्रीय कार्यालय काठमाडौंलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्र बुझाउँदै पोखरा विमानस्थल र नागरिक उड्डयन कार्यालयमा एक घण्टा घेराउ समेत गरेका थिए । पोखराको लेकसाइड र सृजनाचोकबाट शुरु भएको र्‍याली कास्कीका प्रमुख जिल्ला अधिकारी चेतनाथ भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै सो र्‍याली पोखरा विमानस्थल पुगेर एक घण्टा धर्ना सहित पोखरा विमानस्थलका प्रमुख प्रतापबाबु तिवारीलाई ज्ञापनपत्र बुझाएको थियो । पोखरा विमानस्थलभित्रै धर्ना दिएको सम्भवतः यो पहिलो पनि हो । पोखरा विमानस्थलको गेटभित्रै बसेर विमानस्थल निर्माणका लागि दबाब दिन धर्ना दिइएको समितिका संयोजक कृष्णमोहन श्रेष्ठले बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी चेतनाथ भट्टराईलाई ज्ञापनपत्र बुझाउँदै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण सरोकार समितिका संयोजक एवं पोखरा उद्योग बाणिज्य संघका अध्यक्ष श्रेष्ठले बिमानस्थल निर्माण हुन नदिन षड्यन्त्र भएको बताउनुभयो । उहाँ कोही कसैको निश्चित स्वार्थको गोटी बनेर राष्ट्रिय स्वार्थलाई तिलाञ्जली दिने कुकृत्य कसैबाट भए त्यो सह्य नहुने चेतावनी समेत दिनुभयो ।

विरोधमा देखिनेहरूप्रति सरकार निर्मम रुपमा प्रस्तुत भएर विमानस्थल निर्माण कार्यलाई तिब्रता दिन समेत श्रेष्ठले आग्रह गर्नुभयो । 'राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्माणमा देखा परेको अवाञ्छित ढिलाई र सरकारले स्वीकार गरेको पद्धति विरुद्ध सरकार मातहतको निकायको अनावश्यक आशंकाले योजना सम्पन्न गर्न सहयोग गर्ने छिमेकी राष्ट्र चीनको सदासयता आहत नहोस भन्नेतर्फ सचेत हुन आवश्यक छ'–ज्ञापनपत्रमा भनिएको छ । नागरिक उड्डयनको क्षेत्रमा पोखरा क्षेत्रको अन्तर्राष्ट्रिय विमानस्थल स्वयंमा अर्को फड्को भएको उल्लेख गर्दै प्राधिकरणका लागि आफ्नो क्षमता र दक्षता प्रर्दशन गर्ने महत्वपूर्ण अवसर भएको समेत संयोजक श्रेष्ठले बताउनुभयो । व्यवसायिक मर्यादा कायम राख्दै सरकारले स्वीकार गरेको पद्धति सम्मान गर्न तथा बिकेन्द्रीत विकासप्रतिको पूर्वाग्रह र आशंकाबाट मुक्त भएर योजना सम्पन्न गर्न प्राधिकरण सकरात्मक बन्ने आशा समेत पोखरेलीले गरेको संयोजक श्रेष्ठले बताउनु भयो । ज्ञापनपत्र बुझ्दै कास्कीका प्रमुख जिल्ला अधिकारी चेतनाथ भट्टराईले कुनै पनि हालतमा पोखरामा विमानस्थल बन्नुपर्ने बताउँदै सम्बन्धित ठाउँमा ज्ञापनपत्र बुझाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

र्‍यालीमा कास्कीका प्रमुख राजनीतिक दल एकीकृत नेकपा माओवादी कास्कीका इन्चार्ज झलकपाणि तिवारी, नेपाली कांग्रेस कास्कीका सभापति यज्ञबहादुर थापा, एमाले अध्यक्ष मानबहादुर जि.सी., पूर्व संविधानसभा सदस्य राजकाजी गुरुङ, पोखरा उद्योग बाणिज्य संघ, पश्चिमाञ्चल होटल संघ, पोखरा पर्यटन परिषद्, नेपाल पत्रकार महासंघ कास्की, टान, रेवान पोखरा लगायत पोखरामा रहेको विभिन्न आमा समूह, क्लब र पर्यटन व्यवसायी, उद्योगी पत्रकार कलाकार, साहित्यकारहरु र्‍यालीमा आ–आफ्नो ब्यानर सहित सहभागी भएका थिए ।

संघर्षका कार्यक्रम अर्न्तगत बिहीबार कास्कीमा रहेका संचार माध्यमका सम्पादकहरुसंग छलफल, भदौ २ गते एक दिन पोखरा विमानस्थल बन्दका लागि एयरलायन्सहरूसंग टिकट नबेच्न आग्रह गर्दै अन्तर्क्रिया कार्यक्रम गर्ने र भदौ ५ गते बिमानस्थल बारे भण्डाफोर सभाको आयोजना गर्ने सरोकार समिति संयोजक श्रेष्ठले जानकारी दिनुभयो । पोखरामा विमानस्थल निर्माण टेण्डर प्रक्रिया अन्तिम चरणमा पुगेका बेला विभिन्न शक्ति केन्द्रहरुले विमानस्थल बन्न नदिने षड्यन्त्र भएकोले धर्ना र दबाब कार्यक्रम आयोजना गरिएको नेपाल उद्योग बाणिज्य महासंघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीको भनाइ छ ।

विमानस्थल निर्माणका लागि २०६८ माघ २६ गते इपिसी मोडलबाट प्राधिकरणले टेण्डर निकालेर प्रक्रिया बढाएको थियो । तीन चिनियाँ कम्पनीमध्य सिएएमसीइको सबैभन्दा थोरै परे पनि प्राधिकरणको अनुमानित १५ अर्व बढी रुपैयाँको टेण्डर परेको थियो ।

२७ अर्व महंगो टेन्डर परेको भन्दै विमानस्थल निर्माणको प्रक्रियामा ढिलाई भैइरहेको छ । प्राधिकरण कर्मचारी युनियनले महंगो भएको र भष्ट्राचार हुन लागेको भन्दै अगाडि नबढाउन माग गर्दै आएका छन् । ३८ वर्ष अगाडि पोखराको छिनेडाँडामा ३१०६ रोपनी जग्गा अधिग्रहण गरिए तापनि चार दशक बित्दा पनि अहिलेसम्म विमानस्थल बन्न सकेको छैन ।

# लायन्स क्लव अफ बिन्ध्यवासिनीको पदस्थापन

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : लायन्स क्लव अफ पोखरा चौतारीको सन् २०१२/२०१३ का लागि नयाँ कार्यसमितिहरुको पदस्थापन कार्यक्रम पोखरामा सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष लायन परमेश्वर बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि लायन्स क्लव इन्टरनेशनल ३२५ बी नेपालका डिस्ट्रिक गभर्नर दीपक श्रेष्ठले लायन्स क्लव इन्टरनेशनलले लायन्स लिडरशिप, लायन्सकोट लगायत अन्य संयुक्त र समाज सुधारक सेवामुखी कार्यक्रम अघि सारेको जानकारी दिनुभयो । उहाँले लायन्स सधैं समाजमा रहेर निमुखा जनताको सहयोगी बन्नुपर्ने धारणा व्यक्त गर्नुभयो । सोही अवसरमा लायन्स डिस्ट्रिक प्रोजेक्ट फन्ट अवधारणा अघि सार्नुका साथै काठमाडौंको नर्भिक अस्पतालमा उपचार गर्दा लायन्सका सदस्यहरुका लागि विशेष छुटको व्यवस्था गरिएको समेत जानकारी उहाँले दिनुभयो । कार्यक्रममा अध्यक्ष ला.परमेश्वर बराल, ला.बोधराज बराल, ला.बोधबहादुर कार्की, ला. राम बस्याल, पोखरा विश्वविद्यालयका हरिबहादुर खड्का, बलराम भट्टराई, प्रा.डा. विश्वकल्याण पराजुली, ला. प्रेमबहादुर श्रेष्ठ, निश्चल पोखरेल, होमनाथ लामिछाने लगायतले बोल्नुभएको थियो ।

संस्थाको आगामी कार्यकालका लागि अध्यक्षमा ला. रविन्द्रप्रसाद श्रेष्ठ, प्रथम उपाध्यक्षमा ला. शिव बराल, द्वितीय उपाध्यक्षमा ला.शिव कायस्थ, तृतीय उपाध्यक्षमा रमेश केसी रहनुभएको छ भने सचिवमा गनेस पौडेल, सह–सचिवमा मिरा पोखरेल, कोषाध्यक्षमा शिवराज पोखरेल, सह–कोषाध्यक्षमा कमला गिरी रहनुभएको छ । त्यस्तै सदस्यहरूमा कमला गिरी, नरेन्द्र कुँवर, सीता बराल, सलभी बाँस्तोला, रामजी जिसी, अर्जुन श्रेष्ठ, महेन्द्र अर्याल, गणेश आचार्य रहनुभएको छ ।

त्यसैगरी सल्लाहकारमा ललित बाँनिया, निलकण्ठ पोखरेल र होमनाथ लामिछाने रहनुभएको छ भने स्वास्थ्य निर्देशकमा कमला थापा र फाइनान्स निर्देशकमा सुरेस श्रेष्ठ रहनुभएको छ ।

कार्यक्रममा संस्थामा रहेर महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै विभिन्न व्यक्तिहरुलाई सम्मानित गरिएको थियो भने संस्थाका सचिव होमनाथ लामिछानेलाई लायन्स अफ दी इयर सम्मानबाट सम्मानित गरिएको थियो ।


## पोखरा ज्योतिष महाविद्यालयमा शैक्षिक सत्र २०६९ को भर्ना खुल्यो

विगत कैयौं वर्षदेखि हजारौं तालिम प्राप्त ज्योतिष व्यवसायी जन्माउन सफल, दिल्लीको नेपाल च्याप्टर पोखरा ज्योतिष महाविद्यालय अन्तर्गत ज्योतिष व्यवसायी तालिममा सहभागी हुन चाहने न्यूनतम १०+२ वा सो सरह उत्तीर्ण वा ज्योतिष र कर्मकाण्ड क्षेत्रमा संलग्न भई परम्परागत रुपमा काम गर्दै आइरहेका विशेष गरी शिक्षित बेरोजगार ईच्छुक छात्र/छात्रहरूलाई तुरुन्तै निवेदन दिन यो जानकारी सूचना गरिन्छ । न्यूनतम् २१ जना विद्यार्थी संख्या पुगेमा स्वदेश तथा विदेशका जुनसुकै जिल्ला सदरमुकाम, विकास क्षेत्र, प्रदेश, राजधानीमा पनि यो तालिम दिने व्यवस्था रहेको थप जानकारी गरिन्छ ।

तालिमका सम्पर्क केन्द्र- ज्योतिष भविष्यवाणी (साप्ताहिक) अर्चलबोटचोक (पोखरा-बाग्लुङ राजमार्ग) पोखरा, नेपाल ।

अन्तर्राष्ट्रिय ज्योतिष परामर्श केन्द्र, खुर्कोट-४, पर्वत धौलागिरि, नेपाल

१) तालिमको नाम- आधारभूत ज्योतिष व्यवसायी तालिम (जन्मकुण्डली लेखक)(पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि-एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा सात घण्टाको अवधिमा कोर्ष पूरा गरिने) प्रथम चरणको लाग्ने शुल्क रु. ५१०१।- मात्र

२) तालिमको नाम - ज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (दैनिक १ घण्टा अथवा भर्ना भएको मितिदेखि ७ घण्टा) द्वितीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

३) तालिमको नाम - हस्तज्योतिष भविष्यवक्ता (पूर्णाङ्क १०० उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) तृतीय चरणको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

४) तालिमको नाम - राशिफल लेखक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) चौथो तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

५) तालिमको नाम - ज्योतिष व्यवसायी प्रशिक्षक (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०) ।
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) पाँचौ तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु.५१०१।- मात्र ।

६) तालिमको नाम - ज्योतिष पत्रकारिता (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) छैटौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

७) तालिमको नाम - मुहुर्त ज्योतिष विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) सातौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

८) तालिमको नाम - ज्योतिष वास्तु विज्ञान (पूर्णाङ्क १००, उत्तीर्णाङ्क ६०)
तालिम अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।- मात्र ।

९) तालिमको नाम - रेडियो ज्योतिष पत्रकारिता
तालिमको अवधि - एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

१०) तालिमको नाम - टेलीभिजन ज्योतिष पत्रकारिता
तालिमको अवधि- एक हप्ता (प्रत्येक हप्ताको आइतबारदेखि शनिबारसम्म अथवा ७ घण्टा) आठौं तहको कोर्ष पूरा गर्दा लाग्ने शुल्क रु. ५१०१।-मात्र ।

नेपाल बाहेक जुन देशमा यो ज्योतिष व्यवसायी तालिम दिइन्छ । माथि तोकिएको शुल्क त्यस देशको मुद्रामानै बुझाउनु पर्नेछ, अर्थात माथि तोकिएको शुल्क बराबर अन्य देशको मुद्रा नभई त्यसै देशको मुद्रामा शुल्क लागू हुनेछ ।

पत्राचार अथवा दुरशिक्षा/संस्थागतरुपमा ज्योतिष व्यवसायी तालिम सहभागी हुन चाहने आवेदकले तल तोकिएको सम्पर्क केन्द्रमा स्वयम सम्पर्क गरी प्रवेश फर्म भर्ने अथवा E-mail: jbweekly@fewanet.com.np मार्फत प्रवेश फर्म भिकाइ सो माध्यमबाट नै पठाउन सकिन्छ । तालिम शुल्क राष्ट्रिय वाणिज्य बैंक शाखा महेन्द्रपुल, पोखरा, नेपालको बचत खाता नं. ३४३००९९२८१० मा सिधै जम्मा गरेर अथवा पठाएर मात्रै कक्षामा प्रवेश गर्न पाइनेछ ।

**प्राचार्य**
**पोखरा ज्योतिष महाविद्यालय**
**सम्पर्क : ९८५६०२०९१४/०६१-५४०३४७**
अर्चलबोटचोक, पो.ब.नं.२०७, पोखरा, नेपाल ।
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com


# दिपज्योतिले सांस्कृतिक कार्यक्रम गर्ने

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा २ विन्ध्यवासिनीस्थित दिपज्योति कला सांस्कृतिक मञ्चले भदौ २ गते पोखरा सभागृहमा श्रष्टा सम्मान एवं विविध सांस्कृतिक कार्यक्रम गर्नेभएको छ ।

सांस्कृतिक मञ्चद्वारा बुधबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा पप गीततर्फ नेपथ्यका अमृत गुरुङ, नृत्य तर्फ रुद्रबहादुर थापा(रुपेन बाबु), मोहनसिंह थापा र चन्द्रा थापा, बाद्यवादनतर्फ ८० वर्षीय रामगोपाल लिगल, लोकगीततर्फ हरिदेवी कोइराला, आधुनिक गीततर्फ सरोज गोपाल बज्राचार्य र बाबा राणालाई सम्मानपत्र र दोसल्लाबाट प्रमुख अतिथि वरिष्ठ संस्कृतिकर्मी तीर्थ श्रेष्ठले सम्मान गर्नुहुने मञ्चका सचिव लवसन तमुले जानकारी दिनुभयो ।

सम्मानसँगै हुने विविध सांस्कृतिक कार्यक्रममा सत्यराज/स्वरुपराज आचार्य, लोकदोहोरी गायकहरू रामजी खाँड, मुना थापा, राजु गुरुङ, लेकाली ब्याण्ड, गगन पुन, हास्यकलाकारहरू दीपक थापा, निर आले, चेन आले, विग बोइङ्का डोविन पुन, माइकल ज्याक्सन, ट्युवलाईट, मोर्डन डान्सका साथमा प्राचीन लोकनृत्य काशीकोँधे झ्याउरे, कौडा, सालैजो, मारुनी, सोरठी लगायत प्रस्तुती हुने सांस्कृतिक संयोजक नीर आलेले बताउनुभयो । 'नेपालीको गौरव नेपालीको पहिचान, कला र संस्कृतिको संरक्षण हाम्रो अभियान' भन्ने नाराका साथ आयोजित कार्यक्रमका लागि करिब ४ लाख ५० हजार खर्च हुने बताइएको थियो भने विविध सांस्कृतिक कार्यक्रमका लागि टिकट दर ५ सय, २ सय र १ सय रुपैयाँ राखिएको छ ।

मञ्चका अध्यक्ष आशिष पुनको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा सह–सचिव तथा हास्यकलाकार दीपक थापाले सांस्कृतिक श्रष्टालाई राष्ट्रले सम्मान गर्न नसकेकोमा गुनासो गर्नुभएको थियो ।

पृष्ठ २ को बाँकी...

राजनीतिले शिक्षाक्षेत्र पूरै ध्वस्त भएको छ।

ज्यो.भ. - तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

डा.ढकाल- सामान्य समर्थन बाहेक खुल्ला राजनीति गरिन।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ?

डा.ढकाल-राज्य संचालन गर्न सचेत नागरिकले प्रयोग गर्ने नीति राजनीति हो। यसमा नेता र जनता तथा अन्य तहका व्यक्तिले गर्ने राजनीति फरक हुन्छ। राजनीति सचेत बनाउन प्रयोग गरिन्छ। हाम्रो देश नेपालमा निष्ठा र सिद्धान्तको राजनीति नभई व्यक्तिवादी राजनीति हावी भएको छ। यहि व्यक्तिवादी राजनीतिको टकरावले राजनैतिक पार्टी विभाजित भएका हुन्।

ज्यो.भ. - कसरी सुध्रन्छ त ?

डा.ढकाल- सर्वप्रथम नेताका संस्कार सुध्रिन जरुरी छ। नेताले राजनीतिलाई आँफू अनुकुल नबनाई देश र जनताको सर्वोपरी मानि काम गर्नुपर्छ। राजनीतिमा असल नीति प्रयोग गर्दै अघि बढ्नुपर्छ। गलत आश्वासन बाँडेर जनता र देशलाई हित गर्दैन। यदि कुनै नेताले गतल आश्वासन दिन खोज्छ भने जनताले त्यस्ता नेतालाई बहिस्कार गर्नुपर्छ। धर्म, संस्कृति र राष्ट्रियताप्रति नेता आँफू सचेत रहँदै जनतालाई समेत सचेत गराउनुपर्छ। राष्ट्रियताप्रति नेता र जनता एकजुट हुनुपर्छ।

ज्यो.भ. - नेपालका लागि कुन विचारको राजनीति आवश्यक छ ?

डा.ढकाल- नेपालमा खासगरी मार्क्सवाद र प्रजातन्त्रवाद गरी दुई किसिमको विचार प्रयोग भएको देखिन्छ। विचार आँफैमा कुनै पनि गलत छैनन्, मात्र प्रगोग र संचालन गलत भएको हो। प्रजातन्त्रले सबैलाई समेटन् सक्ने भएकोले नेपालका लागि असल प्रजातान्त्रिक विचार आवश्यक छ।

ज्यो.भ. - नेपालमा कस्तो खालको संघीयता आवश्यक छ ?

डा.ढकाल- पृथ्वीनारायण शाहले बाइसे चौबिसे राज्यलाई बल्ल-बल्ल एउटै मालामा गाँसेर यस्तो देश बनाएका हुन्। यस्तो देशलाई टुक्राउन आवश्यक छैन। संघीयता निकट भविष्यमा पनि आवश्यक छैन। संघीयताले विदेशीलाई आँफू अनुकुल प्रयोग गर्नमात्र सजिलो हुन्छ। देशको केन्द्रीकृत शासनलाई विकेन्द्रीकृत गर्न आवश्यक छ तर खसी काटेर बाँडेजस्तो गर्नु आवश्यक छैन। जातीय राज्य कुनै पनि हालतमा उपयुक्त छैन।

ज्यो.भ. - देशका युवाशक्तिलाई के भन्नुहुन्छ ?

डा.ढकाल- अहिले देशका लाखौं युवा विदेशिएका छन् यसले देशलाई हित गर्दैन। देशमा अस्थिरता र आत्मनिर्भर नहुँदा राम्रा-राम्रा जनशक्ति बाहिर जाँदा देशलाई ठूलो नोक्सान भएको छ। विदेशीले अन्य देशका राम्रा जनशक्ति तान्न अनेक प्रयत्न गर्छन् तर हाम्रो देशले आफ्नो देशमा भएकालाई समेत थाम्न नसक्नु दुर्भाग्य हो। म युवा शक्तिलाई ज्यान फालेर राजनीतिमा नलागी आफ्नो भविष्यप्रति सचेत रहँदै अघि बढ्न आग्रह गर्दछु। युवा शक्तिले नेताको पिच्छलग्गु नबनी देशको धर्म, संस्कृति र राष्ट्रियताप्रति बुलन्द आवाज उठाउनुपर्छ। विदेश गएकाहरूलाई त्यहाँ आर्जन गरेको सिप र आम्दानी स्वदेशमा लगानी गर्न आग्रह गर्दछु।

ज्यो.भ. - तपाईंको विचारमा ज्योतिष के हो ?

डा.ढकाल- वेदको ६ अंगमध्ये एक अंग आँखा ज्योतिष हो। मेरो सानै उमेरदेखि ज्योतिष सिक्ने चाहना थियो तर समय परिस्थितिले अधुरै रह्यो। मलाई सही ज्योतिषमा अत्यन्त विश्वास लाग्छ।

ज्यो.भ. - अहिलेको ज्योतिष कस्तो लाग्छ ?

डा.ढकाल- नेपालमा सिद्धान्त ज्योतिषभन्दा फलित ज्योतिष अलि बढी प्रचारमा छ। जनताले फलित र सिद्धान्त ज्योतिष छुट्याउन सकेका छैनन्। ज्योतिषमा अध्ययन अनुसन्धानको कमि छ।

ज्यो.भ. - ज्योतिषको विकास गर्न के गर्नुपर्छ ?

डा.ढकाल- अध्ययन अनुसन्धानलाई बढी जोड दिंदै प्रचार-प्रसारलाई तिव्र बनाउनुपर्छ। ज्योतिष परम्परागत तरिकाले चलिरहेको छ यसलाई आधुनिक तवरले अघि बढाउन जरुरी छ। 'लक्ष्यम व्याकरणम् प्रोक्तम, चतुर्लक्ष्यम तु ज्यौतिषम्'। यो श्लोकमा व्याकरणभन्दा ज्योतिष चार गुणा बढी छ। त्यसैले ज्योतिष शिक्षालाई हल्का किसिमले सोचेर हुँदैन। गहन अध्ययन अनुसन्धानलेमात्र ज्योतिषको विकास हुन सम्भव छ।

ज्यो.भ. - ज्योतिष शिक्षाको विकासमा छुट्टै ज्योतिष विश्वविद्यालय स्थापना हुन जरुरी छैन?

डा.ढकाल- छुट्टै विश्वविद्यालयको आवश्यक छैन। नेपाल संस्कृत विश्वविद्यालयमा ज्योतिषको विभाग छ। त्यसैको विकास गर्दै अघि बढेमा राम्रो हुन्छ। छुट्टै विश्वविद्यालय बन्दैमा विकास हुन्छ भन्ने छैन।

ज्यो.भ. - विवाह कहिले गर्नुभयो ?

डा.ढकाल- मैले वि.सं.२०५५ सालमा रमिला ढकालसंग विवाह गरेको हुँ।

ज्यो.भ. - नेपालको संस्कृत शिक्षा कस्तो अवस्थामा छ ?

डा.ढकाल- दयनीय छ। अहिले जति छन् संस्कृत र गुरुकुलले नै धानेका छन्। संस्कृत शिक्षाको विकासमा पहल नहुने हो भने भविष्य संकटमा छ। संस्कृतमा पनि अंग्रेजी पढाउँदा राम्रो हुन्छ। अंग्रेजी बिना संस्कृत अपाङ्ग जस्तै हुन्छ।

ज्यो.भ. - धर्म भनेको के हो ? हाम्रो देश नेपाल धर्म निरपेक्ष राष्ट्र घोषणा भैसक्यो नि?

डा.ढकाल- धर्म भनेको अनशासन हो जुन धारण गर्न सकिन्छ। नेपालमा ७०/८० प्रतिशत हिन्दू धर्म मान्ने नागरिक छन् यस्तो देशमा धर्म निरपेक्ष राष्ट्र घोषणा गर्नु गलत हो। धर्म निरपेक्ष बनाएर नेताहरूले गलत काम गरे। यसलाई जनमत संग्रहमा लगेर निर्णय गरिनुपर्थ्यो।

ज्यो.भ. - अहिले नेपाली भाषामा निकै विवाद छ नि ?

डा.ढकाल- हो, नेपाली भाषामा निकै विवाद आएको छ। विशेष गरी परम्परागत अनुशासनको मर्म नबुझी परिवर्तन गर्ने चेष्टा गरिएकोले विवाद उत्पन्न भएको हो। विवाद हुनु त राम्रो हो तर अहिले भएको विवादले भाषाको विकास हुँदैन। यसको असर जनतालाई प्रत्यक्ष परिरहेको छ। भाषाको परिवर्तन क्रमिक रुपले गर्दै लानुपर्छ एकैचोटी गरेर सुधार हुँदैन। भाषालाई सुधार गर्दा आधार खोजेरमात्र गर्नुपर्छ। नेपाली भाषा संस्कृतबाट आएकाले यसलाई नबिगारी परिवर्तन गर्नुपर्छ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य के छ ?

डा.ढकाल- अध्ययन, अनुसन्धान र कृति प्रकाशन गर्ने।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.ढकाल-विभिन्न सिलसिलामा भारतबाहेक अन्य मुलुकको भ्रमण गरेको छैन। नेपालका करिब २५ जिल्लाको भ्रमण गरिसकेको छु। मलाई साग र सिस्नु खाएको वेश आनन्दी मनले भन्ने महाकवि लक्ष्मीप्रसाद देवकोटाको कविता अति मन पर्छ।

ज्यो.भ. - नेपालको एकमात्र ज्योतिष विधागत समाचारपत्र ज्योतिष भविष्यवाणीलाई के भन्नुहुन्छ ?

डा.ढकाल- पत्रिकाले ज्योतिषकोमात्र भविष्यवाणी नगरी धार्मिक सहिष्णुताको चिन्तन र अबलम्बन गर्दै राष्ट्रियताको भविष्यवाणी गरी अघि बढ्न सकोस शुभकामना।

ज्यो.भ. - महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद।

डा.ढकाल- तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउन जुन अवसर प्रदान गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद।


## ज्योतिष भविष्यवाणीका सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ।

२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ।

३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी भविष्यवाणी गरिन्छ।

४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फतर दिइने व्यवस्था चलिरहेको छ।

५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा संचालित छ। अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ।

६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ। ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट बिरामी ठीक गरिन्छ।

७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ।

८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ।

९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष वैज्ञानिक उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढरनुहोसर।

१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं।

११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत दश वर्षदेखि नियमित संचालित साप्ताहिक 'ज्योतिष भविष्यवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ। सुन्दै गर्नुहोला। यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन।

१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरि एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' संचालन भै रहेको छ, सुन्दै गर्नुहोला।



सम्पर्क ठेगाना

**ज्योतिष भविष्यवाणी**

(राष्ट्रिय साप्ताहिक)

केन्द्रीय स्थायी कार्यालय : खुर्कोट-४, पाङ, पर्वत, धौलागिरि, नेपाल

पत्राचार, संपादन, वितरण, ज्योतिष परामर्श, ज्योतिष उपचार कार्यालय :

पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल।

Phone/Fax - +977-61-540347

Mobile Phone: +977-9856020914, 9856030914, 9726153684 (Direct)

E-mail: jbweekly@fewanet.com.np Website: www.jbweekly.com,

www.Facebook.com/jbweekly

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार<br>२०६९/४/३२<br>Aug.16, 2012 | बिहान ५:३५ बजेदेखि ७:०५ बजेसम्म **शुभ**/बिहान ७:०५ बजेदेखि ८:३५ बजेसम्म **रोग**/बिहान ८:३५ बजेदेखि १०:०५ बजेसम्म **उद्वेग**/बिहान १०:०५ देखि ११:३५ बजेसम्म **चर**/बिहानमा ११:३५ देखि दिनमा १:०५ बजेसम्म **लाभ**/दिनमा १:०५ बजेदेखि २:३५ बजेसम्म **अमृत**/दिनमा २:३५ देखि ४:०५ बजेसम्म **काल**/बेलुकी ४:०५ देखि ५:३५ बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/५/१<br>Aug.17, 2012 | बिहान ५:३६ बजेदेखि ७:०६ बजेसम्म **चर**/बिहान ७:०६ बजेदेखि ८:३६ बजेसम्म **लाभ**/बिहान ८:३६ बजेदेखि १०:०६ बजेसम्म **अमृत**/बिहान १०:०६ देखि ११:३६ बजेसम्म **काल**/बिहानमा ११:३६ देखि दिनमा १:०६ बजेसम्म **शुभ**/दिनमा १:०६ बजेदेखि २:३६ बजेसम्म **रोग**/दिनमा २:३६ देखि ४:०६ बजेसम्म **उद्वेग**/बेलुकी ४:०६ देखि ५:३६ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/५/२<br>Aug.18, 2012 | बिहान ५:३६ बजेदेखि ७:०६ बजेसम्म **काल**/बिहान ७:०६ बजेदेखि ८:३६ बजेसम्म **शुभ**/बिहान ८:३६ बजेदेखि १०:०६ बजेसम्म **रोग**/बिहान १०:०६ देखि ११:३६ बजेसम्म **उद्वेग**/बिहानमा ११:३६ देखि दिनमा १:०६ बजेसम्म **चर**/दिनमा १:०६ बजेदेखि २:३६ बजेसम्म **लाभ**/दिनमा २:३६ देखि ४:०६ बजेसम्म **अमृत**/बेलुकी ४:०६ देखि ५:३६ बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/५/३<br>Aug.19, 2012 | बिहान ५:३७ बजेदेखि ७:०७ बजेसम्म **उद्वेग**/बिहान ७:०७ बजेदेखि ८:३७ बजेसम्म **चर**/बिहान ८:३७ बजेदेखि १०:०७ बजेसम्म **लाभ**/बिहान १०:०७ देखि ११:३७ बजेसम्म **अमृत**/बिहानमा ११:३७ देखि दिनमा १:०७ बजेसम्म **काल**/दिनमा १:०७ बजेदेखि २:३७ बजेसम्म **शुभ**/दिनमा २:३७ देखि ४:०७ बजेसम्म **रोग**/बेलुकी ४:०७ देखि ५:३७ बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/४<br>Aug.20, 2012 | बिहान ५:३७ बजेदेखि ७:०७ बजेसम्म **अमृत**/बिहान ७:०७ बजेदेखि ८:३७ बजेसम्म **काल**/बिहान ८:३७ बजेदेखि १०:०७ बजेसम्म **शुभ**/बिहान १०:०७ देखि ११:३७ बजेसम्म **रोग**/बिहानमा ११:३७ देखि दिनमा १:०७ बजेसम्म **उद्वेग**/दिनमा १:०७ बजेदेखि २:३७ बजेसम्म **चर**/दिनमा २:३७ देखि ४:०७ बजेसम्म **लाभ**/बेलुकी ४:०७ देखि ५:३७ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/५/५<br>Aug.21, 2012 | बिहान ५:३७ बजेदेखि ७:०७ बजेसम्म **रोग**/बिहान ७:०७ बजेदेखि ८:३७ बजेसम्म **उद्वेग**/बिहान ८:३७ बजेदेखि १०:०७ बजेसम्म **चर**/बिहान १०:०७ देखि ११:३७ बजेसम्म **लाभ**/बिहानमा ११:३७ देखि दिनमा १:०७ बजेसम्म **अमृत**/दिनमा १:०७ बजेदेखि २:३७ बजेसम्म **काल**/दिनमा २:३७ देखि ४:०७ बजेसम्म **शुभ**/बेलुकी ४:०७ देखि ५:३७ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/५/६<br>Aug.22, 2012 | बिहान ५:३८ बजेदेखि ७:०८ बजेसम्म **लाभ**/बिहान ७:०८ बजेदेखि ८:३८ बजेसम्म **अमृत**/बिहान ८:३८ बजेदेखि १०:०८ बजेसम्म **काल**/बिहान १०:०८ देखि ११:३८ बजेसम्म **शुभ**/बिहानमा ११:३८ देखि दिनमा १:०८ बजेसम्म **रोग**/दिनमा १:०८ बजेदेखि २:३८ बजेसम्म **उद्वेग**/दिनमा २:३८ देखि ४:०८ बजेसम्म **चर**/बेलुकी ४:०८ देखि ५:३८ बजेसम्म **लाभ** । |

# साप्ताहिक रात्रि शुभ समय कार्य तालिका

| | |
|---|---|
| बिहीबार<br>२०६९/४/३२<br>Aug.16, 2012 | बेलुकी ५:३५ बजेदेखि ७:०५ बजेसम्म **शुभ**/साँझ ७:०५ बजेदेखि ८:३५ बजेसम्म **रोग**/राति ८:३५ बजेदेखि १०:०५ बजेसम्म **उद्वेग**/राति १०:०५ देखि ११:३५ बजेसम्म **चर**/राति ११:३५ देखि राति १:०५ बजेसम्म **लाभ**/राति १:०५ बजेदेखि २:३५ बजेसम्म **अमृत**/राति २:३५ देखि ४:०५ बजेसम्म **काल**/बिहानमा ४:०५ देखि ५:३५ बजेसम्म **शुभ** । |
| शुक्रबार<br>२०६९/५/१<br>Aug.17, 2012 | बेलुकी ५:३६ बजेदेखि ७:०६ बजेसम्म **चर**/साँझ ७:०६ बजेदेखि ८:३६ बजेसम्म **लाभ**/राति ८:३६ बजेदेखि १०:०६ बजेसम्म **अमृत**/राति १०:०६ देखि ११:३६ बजेसम्म **काल**/राति ११:३६ देखि राति १:०६ बजेसम्म **शुभ**/राति १:०६ बजेदेखि २:३६ बजेसम्म **रोग**/राति २:३६ देखि ४:०६ बजेसम्म **उद्वेग**/बिहानमा ४:०६ देखि ५:३६ बजेसम्म **चर** । |
| शनिबार<br>२०६९/५/२<br>Aug.18, 2012 | बेलुकी ५:३६ बजेदेखि ७:०६ बजेसम्म **काल**/साँझ ७:०६ बजेदेखि ८:३६ बजेसम्म **शुभ**/राति ८:३६ बजेदेखि १०:०६ बजेसम्म **रोग**/राति १०:०६ देखि ११:३६ बजेसम्म **उद्वेग**/राति ११:३६ देखि राति १:०६ बजेसम्म **चर**/राति १:०६ बजेदेखि २:३६ बजेसम्म **लाभ**/राति २:३६ देखि ४:०६ बजेसम्म **अमृत**/बिहानमा ४:०६ देखि ५:३६ बजेसम्म **काल** । |
| आइतबार<br>२०६९/५/३<br>Aug.19, 2012 | बेलुकी ५:३७ बजेदेखि ७:०७ बजेसम्म **उद्वेग**/साँझ ७:०७ बजेदेखि ८:३७ बजेसम्म **चर**/राति ८:३७ बजेदेखि १०:०७ बजेसम्म **लाभ**/राति १०:०७ देखि ११:३७ बजेसम्म **अमृत**/राति ११:३७ देखि राति १:०७ बजेसम्म **काल**/राति १:०७ बजेदेखि २:३७ बजेसम्म **शुभ**/राति २:३७ देखि ४:०७ बजेसम्म **रोग**/बिहानमा ४:०७ देखि ५:३७ बजेसम्म **उद्वेग** । |
| सोमबार<br>२०६९/५/४<br>Aug.20, 2012 | बेलुकी ५:३७ बजेदेखि ७:०७ बजेसम्म **अमृत**/साँझ ७:०७ बजेदेखि ८:३७ बजेसम्म **काल**/राति ८:३७ बजेदेखि १०:०७ बजेसम्म **शुभ**/राति १०:०७ देखि ११:३७ बजेसम्म **रोग**/राति ११:३७ देखि राति १:०७ बजेसम्म **उद्वेग**/राति १:०७ बजेदेखि २:३७ बजेसम्म **चर**/राति २:३७ देखि ४:०७ बजेसम्म **लाभ**/बिहानमा ४:०७ देखि ५:३७ बजेसम्म **अमृत** । |
| मंगलबार<br>२०६९/५/५<br>Aug.21, 2012 | बेलुकी ५:३७ बजेदेखि ७:०७ बजेसम्म **रोग**/साँझ ७:०७ बजेदेखि ८:३७ बजेसम्म **उद्वेग**/राति ८:३७ बजेदेखि १०:०७ बजेसम्म **चर**/राति १०:०७ देखि ११:३७ बजेसम्म **लाभ**/राति ११:३७ देखि राति १:०७ बजेसम्म **अमृत**/राति १:०७ बजेदेखि २:३७ बजेसम्म **काल**/राति २:३७ देखि ४:०७ बजेसम्म **शुभ**/बिहानमा ४:०७ देखि ५:३७ बजेसम्म **रोग** । |
| बुधबार<br>२०६९/५/६<br>Aug.22, 2012 | बेलुकी ५:३८ बजेदेखि ७:०८ बजेसम्म **लाभ**/साँझ ७:०८ बजेदेखि ८:३८ बजेसम्म **अमृत**/राति ८:३८ बजेदेखि १०:०८ बजेसम्म **काल**/राति १०:०८ देखि ११:३८ बजेसम्म **शुभ**/राति ११:३८ देखि राति १:०८ बजेसम्म **रोग**/राति १:०८ बजेदेखि २:३८ बजेसम्म **उद्वेग**/राति २:३८ देखि ४:०८ बजेसम्म **चर**/बिहानमा ४:०८ देखि ५:३८ बजेसम्म **लाभ** । |

# तपाईंको यो हप्ता

*ज्यो. सीता रेग्मी*
*(ज्योतिष डिप्लोमा)*
*ज्योतिष भविष्यवाणी परामर्श केन्द्र*
*मोवाइलः ९८४६२१८८१५*

(श्रावण ३२ गते बिहीबारदेखि भाद्र ६ गते बुधबारसम्म)
(From Aug. 16, 2012 to Aug. 22, 2012)

१. मेषः तपाईंलाई यो हप्ता चिसो र पखालाले ठूलो दुःख दिने सम्भावना छ । त्यसकारण पानी उमालेर मात्रै पिउनुहोला । सडे गलेको बासी खाना होटलमा नखानुहोला । पिसाव सम्बन्धी रोग एक्कासी देखापर्न सक्छ । एक पटक स्वास्थ्य जाँच गराउनु नै उचित हुनेछ । यो हप्ता गरेको लगानीबाट नोक्सानी हुनसक्छ । त्यसकारण लेनदेन व्यापार सबै कार्यमा विशेष ख्याल गर्नुहोला ।

२. वृषः तपाईंलाई यो हप्ता नसोचेको धन हात लाग्ने अवस्था छ । जमीन, घडेरी किन्दै हुनुहुन्छ भने बुधबार र बिहीबारको दिन पास गर्नुहोला । नयाँ मित्र, नयाँ साँझेदारसंगको भेट सहकार्यबाट आउँदा धेरै वर्षसम्मको योजना सफल पार्न सक्नुहुनेछ । समय शुभ रहेकाले समयको सही उपयोग अवश्य पनि गर्नुहोला ।

३. मिथुनः यो हप्ता तपाईंका लागि अरुलाई जति राम्रो गर्छु भने पनि जस नपाइने, मानसिक चिन्ता बढ्ने काम अरुबाट हुने, आफन्त मानिएका व्यक्तिको विरोधले कतिपय कामहरू अधुरो रहनेछन् । जताबाटपनि खर्चमात्रै हुने अवस्था रहेको छ सकेसम्म सतर्क रहनुहोला । यो हप्ता हानी र नोक्सानीबाट मात्रै जोगाउन सकेमा धेरै ठूलो उपलव्धि हुनेछ । समय खराब रहेकाले सतर्क भएर काम गर्नु/गराउनुहोला ।

४. कर्कः यो हप्ता तपाईंका लागि ज्यादै फाइदाको रहेकोछ । त्यसकारण काम गर्दा धेरै महत्वपूर्ण कामलाई पहिलो प्राथमिकतामा पार्नुहोला । जग्गा जमिन किन्नु छ भने बुधबार र बिहीबार किन्नुहोला । गाडी खरिद बिक्री, खेतीका काम सोमबार र बिहीबार शुरु गर्नुहोला । तपाईंको केतुको दशा आउँदो मंसिर २५ गतेका दिन समाप्त हुनेछ ।

५. सिंहः तपाईंका लागि यो हप्ता यात्रा, नयाँ कामको थालनी कुनै हालत गर्नु ठीक छैन । यो हप्ता बुधबार तथा शुक्रबार जुन काम गरिएला ती कार्य पूर्ण सफल हुनेछन् । हार्डवयर, फलामसम्बन्धी पेशामा हुनुहुन्छ भने हप्ता खराब बित्नेछ । कुखुरापालन, हाँस, चरा, अन्य पशुपालनमा भए पनि यो हप्ता नोक्सान ज्यादा हुने देखिन्छ ।

६. कन्याः तपाईंका लागि यो हप्ता स्वास्थ्य राम्रो रहनेछ । इज्जत, प्रतिष्ठा बढ्ने ठाउँमा उपस्थित र सहभागी हुन पाइनेछ । घरमा पारिवारिक सहयोग सबैबाट पाइनेछ । यो हप्ता विशेष कार्यक्रममा भाग लिने स्थिति आउला भन्न सकिन्छ । शैक्षिक क्षेत्रबाट पनि पुरस्कृत हुन सकिनेछ । समग्रमा यो हप्ताको समय शुभ छ, उपयोग गर्नुहोला ।

७. तुलाः तपाईंका लागि यो हप्ता बोली वचनमा शिष्टता र सकेसम्म नरम भई काम लिनुमा नै बुद्धिमानी हुनेछ । छोराछोरी, आफूभन्दा कनिष्ट मित्रहरू, आश्रित कर्मचारी अर्थात् आफू मातहतका कर्मचारीमा विवादको अवस्था देखा पर्नेछ, जसमा आफू तटस्थ रहनु नै राम्रो हुनेछ । परिवारको कुनै सदस्यलाई औषधी उपचारमा खर्च गर्नुपर्ने देखिन्छ ।

८.वृश्चिकः तपाईंलाई यो हप्ता आफ्नो काममा आफ्नै व्यक्तिहरुले बाधा पार्नेछन । त्यसकारण तपाईको मन अस्थिर हुन सक्नेछ । जुन कार्यक्रममा भाग लिन जानुपर्ने हो त्यसमा छुट्नुपर्ने देखिन्छ । स्वास्थ्य ज्यादै संवेदनशील रहने देखिन्छ अर्थात यो हप्ता स्वास्थ्य त्यति भरोसाको रहनेछैन । खानामा गडबडी, कसैले मनमा दुःख लाग्ने कुरा प्याच्च सुनाउन सक्नेछन् ।

९. धनुः तपाईंलाई यो हप्ता मानसिक व्यर्थ चिन्ता बढ्नेछ । तिरस्कार, हिनतावोध, आफ्ना आश्रित कर्मचारी, छोरा–छोरीबाट धोका खानु पर्नेछ । नाता पर्ने व्यक्तिबाट असहयोगको सामना गर्नुपर्नेछ । आम्दानीभन्दा खर्च नै ज्यादा हुने भएकाले सकेसम्म जोगिनु उचित हुनेछ । अनावश्यक रुपमा शत्रु बढ्ने हुनाले कसैसंग वादविवादमा लाग्नु ठीक हुनेछैन ।

१०. मकरः तपाईंका लागि यो हप्ता आर्थिक दृष्टिकोणले उपयोगी बित्ने छ । मानसिक शान्ति तथा आरामपूर्वक सोचेका, शुरु गरेका काम सम्पन्न हुनेछन् । बोली वचनमा भने संयम राख्नुपर्ने देखिन्छ । आकस्मिक रूपमा कुनै चोट लाग्न सक्ने हप्ता पनि छ, ज्यादै सतर्क हुनुहोला ।

११. कुम्भः तपाईंको लागि यो हप्ता स्वास्थ्यको हिसाबले राम्रै रहने छ । आदर–सत्कार, प्रतिष्ठा बढाउने काममा लगानी गर्ने शुभ अवसर आइलाग्ने छन्, पछि हट्नु ठीक छैन । समग्रमा यो हप्ता राम्रै सफलताको रहेकाले उपयोग गर्न सके लाभ मिल्नेछ ।

१२. मीनः तपाईंलाई यो हप्ता गर्न खोजेका काममा रोकावट, स्वास्थ्य पनि त्यति भरपर्दो नरहने, वैदेशिक रोजगार, नयाँ पेशाको थालनीको लागि पनि यो हप्ता त्यति राम्रो छैन । चोटपटक लाग्ने सम्भावना पनि छ । कुनै पनि काम गर्दा सतर्क रहनु आवश्यक छ ।

## साप्ताहिक साहित

श्रावण ३२, २०६९ बिहीबार – कुनै पनि दिशाको यात्रा गर्नु शुभ छैन ।
भाद्र १, २०६९ शुक्रबार – उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
भाद्र २, २०६९ शनिबार – कुनै पनि दिशाको यात्रा गर्नु शुभ छैन ।
भाद्र ३, २०६९ आइतबार – पूर्व र दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
भाद्र ४, २०६९ सोमबार – दक्षिण दिशाको यात्रामात्रै शुभ रहेको छ ।
भाद्र ५, २०६९ मंगलबार – पूर्व र दक्षिण दिशाको मात्र यात्रा शुभ रहेको छ ।
भाद्र ६, २०६९ बुधबार – दक्षिण र पश्चिम दिशाको मात्र यात्रा शुभ रहेको छ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।
*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य सफल हुनेछैन ।)*

संस्थापक/प्रधान सम्पादक/प्रकाशक–ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914, ९८५६०३०९१४
प्रमुख व्यवस्थापक–सुनिता रेग्मी/ज्यो.सुश्री सीता रेग्मी, व्यवस्थापक–ज्यो. सन्तोष रेग्मी, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, ज्यो.आनन्द रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन, प्रबन्ध निर्देशक–रामनाथ अधिकारी 'संगी'(९८४८४२१३१३), आजीवन संरक्षकः ज्यो.प्रेमकुमारी गुरुङ, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट–४ पर्वत, धौलागिरि, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं.२०७, अर्चलबोटचोक, पोखरा–२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर–१६,मोरङ्ग, कोशी अञ्चल
**E-mail: jbweekly@fewanet.com.np, website: www.jbweekly.com,** मुद्रक–तनहुँ अफसेट प्रेस, नयाँबजार, पोखरा, फोन : ०६१–५२२४२८,९८४६०९४०२० web hosting : pokharacity.com